म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १३१ विहिबार ५ पुस २०८० ने. सं. ११४४ थिल्लाथ्व 21 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित घलान र पाखिन पक्राउ



हेटौंडा, ४ पुस/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-९ खरंगाबाट मंगलबार लागूऔषध सहित दुईजना पक्राउ परेका छन् । प्रहरीले स्थानीय ५० बर्षीय सोमबहादुर घलान र रौतहट चन्द्रपुर नगर पालिका-१ बस्ने ४१ बर्षीय आसिष पाखिनलाई पक्राउ गरेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार घलान र पाखिनलाई चेकजाँच गर्दा प्रहरीले उनीहरुको साथबाट ५ किलो लागुऔषध गाँजा बरामद गरेको हो । उनीहरुलाई लागूऔषध सहित नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# हेटौंडा अस्पताल ३०० शैया क्षमतामा स्तरवृद्धि, पूर्वाधार पर्याप्त

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/कुनैबेला 'रिफर' सेन्टरको रुपमा गुज्रिएको मकवानपुरको सरकारी अस्पताल बिस्तारै सुधारोन्मुख छ ।

राज्य पुन:संरचना प्रश्चात बनेको बागमती प्रदेश सरकारको निरन्तर चासोका कारण हेटौंडा अस्पताल निरन्तर सुधारको गतिमा अगाडि बढेको हो । विगतमा भौतिक संरचना र बजेट अभावले पर्याप्त सेवासुविधा दिन नसकेको अस्पताललाई प्रदेश सरकारको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत ल्याएपछि स्तृरवृद्धिको क्रम अगाडि बढेको हो । विगतमा संघीय सरकारको ५० शैया (बेड) र अस्पताल विकास समितिको ६० गरी ११० शैयाको क्षमतामा काम गरिरहेको अस्पताललाई प्रदेश सरकारले स्तरोन्नती गर्ने निर्णय गरेको छ ।

बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले हेटौंडा अस्पताललाई ३०० शैयाको क्षमतामा स्तरोन्नती गर्ने निर्णय गरेसँगै कुनैबेला 'रिफर' सेन्टर बनेको अस्पतालले काँचुली फेर्ने निश्चित छ । कानुनत प्रदेश सरकारले आफ्नो मातहतको अस्पताललाई २०० शैयासम्म स्तर वृद्धि गर्न सक्छ । जसअनुसार प्रदेश सरकारले हेटौंडा अस्पतालमा थप २ सय शैया थप्ने भएको हो । हाल अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको ६० शैयामा ४० थप गरेर १०० पुऱ्याउने र प्रदेश सरकारले थपेको २०० शैया गरी कुल ३०० शैयाको क्षमतामा अस्पताल सञ्चालन हुने भएको समितिका सदस्य उत्सव चौलागाईंले जानकारी दिए ।

प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीका अनुसार प्रदेश सरकारले





हेटौंडा अस्पतालसहित प्रदेश सरकार मातहतका १० अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको हो । प्रदेश मन्त्रिपरिषद्ले हेटौंडा अस्पताल मकवानपुर र भक्तपुर अस्पताल भक्तपुरलाई ३०० शैयामा स्तरोन्नति गर्ने निर्णय गरेको मन्त्री जोशीले बताए । हेटौंडा अस्पताल २०२२ सालमा स्थापना भएको थियो ।

यसैगरी, धादिङ अस्पताल धादिङबेसी, त्रिशूली अस्पताल नुवाकोट, सिन्धुली अस्पताल सिन्धुली र बकुलहर अस्पताल चितवनलाई १०० शैयामा स्तरोन्नति गरिने भएको छ । सिन्धुपाल्चोक अस्पताल, रामेछाप अस्पताल, दोलखाको पशुपति चौलागाईं अस्पताल र काभ्रेको मेथिनकोट अस्पताल ५०/५० बेडमा स्तरोन्नती गर्ने निर्णय भएको मन्त्री जोशीले बताए । प्रदेश स्वास्थ्य मन्त्रालयको १ हजार ६ सय ६९ जना (प्राविधिक सहित) कर्मचारीको संगठन संरचना स्वीकृत पनि गरिएको छ ।

हेटौंडा अस्पताल ३०० शैयामा स्तरवृद्धि भएसँगै थप विशेष चिकित्सकको आवश्यकता पर्दछ । विशेषज्ञ चिकित्सकको लागि सरकार ले दरबन्दी जारी गरेपछि सेवामा पनि विस्तार गर्न सकिने हेटौंडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सदस्य चौलागाईं बताउँछन् । ३०० शैया भएपछि अस्पताललाई मुटुरोग विशेषज्ञ, न्युरो सर्जन, मृगौला सम्बन्धी चिकित्सकलगायतको दर बन्दी बढाउनुपर्ने उनले बताए । अस्पताल स्तरवृद्धि भएसँगै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई एमबीबीएस र एमबी अध्यापनको लागि बाटो पनि खुलेको छ ।

हेटौंडा अस्पताललाई ३०० शैयाको क्षमतामा सञ्चालन गर्न पूर्वाधार पर्याप्त रहेको उनले जानकारी दिए । 'हामीसँग पूर्वाधार पर्याप्त छ । अत्यावश्यक स्वास्थ्य सामग्री पनि जडान भएर केही सुचारु र केही सञ्चालनको तयारीमा छ । तर, पूर्णक्षमतामा चलाउन जनशक्ति अभाव हुन्छ । जनशक्तिको व्यवस्थापन प्रदेश सरकारले गर्छ ।', उनले भने । हेटौंडा अस्पतालको पाँच तले नयाँ भवन निर्माणाधीन रहेको समिति सदस्य चौलागाईंले जानकारी दिए । निर्माणाधीन भवन २०० शैयाको लागि हो । निर्माणाधीन भवन २०८२ सालभित्र समितिलाई हस्तान्तरण गर्नुपर्ने उनले बताए ।

अस्पताल प्रदेश मातहत आएपछि एमआरआई, सिटिस्क्यान, अत्याधुनिक प्रयोगशाला, १७ बेडको आइसियू र एचडियू सञ्चालन गरि एको छ । विगतमा ७ वटा बेडबाट आकस्मिक कक्ष चलाएको अस्पतालमा हाल २५ बेड रहेको सदस्य चौलागाईंले जानकारी दिए । अस्पतालमा मनोचिकित्स वार्ड सञ्चालन हुँदैछ । एनआइसियू सञ्चालनको तयारीमा रहेको उनले बताए । विगतमा एउटा अप्रेशन थिएटरबाट चलेको अस्पतालमा निकट भविष्यमै चार वटासम्म अप्रेशन कक्ष सञ्चालन हुने चौलागाईं बताउँछन् ।

हेटौंडा अस्पतालमा मिर्गौला प्रत्यारोपण सेवा थप गर्ने गरी तयारी थालिएको छ । प्रदेश सरकारको ५ करोड बढी रकम लागतमा अस्पतालमा मिर्गौला प्रत्यारोपणको लागि आवश्यक तयारीका काम भइरहेको हो । अस्पतालले मिर्गौला प्रत्यारोपण सेवा सञ्चालनका लागि सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरको प्राविधिक सहयोगमा काम अघि बढाएको हो ।

विदेशी दातृनिकाय यूएसआईडीको सहयोगमा २०१६ सालमा १५ शैयाको स्थापना भएको अस्पताललाई २०२२ सालमा जिल्ला अस्पतालको रुपमा स्तरोन्नति गर्दै तत्कालीन सरकारले २५ शैयाको बनाएको थियो । २०३० देखि अस्पताल ५० शैयाको बनेको थियो । तर, त्यतिबेला पूर्वाधार र जनशक्तिले गर्दा रेफर गर्ने अस्पतालको परिचय बनेको थियो । मुलुक शासकीय व्यवस्था संघीयतामा रुपान्तरसँगै हेटौंडा अस्पतालले काँचुली फेर्न सुरु गरेको छ । हाल अस्पतालमा चिकित्सक करिब ६६ जना गरी कुल कर्मचारी २ सय ९१ जना रहेका छन् । ३०० शैयामा सञ्चालन गर्न अस्पताललाई थप कर्मचारीको आवश्यक पर्ने जनाइएको छ ।

बागमती सरकारमाथि ९ आरोप:

# आर्थिक चलखेलदेखि विकासमा बेवास्थासम्म

साझाकुरा संवाददाता



हेटौंडा, ४ पुस/नेकपा एमाले बागमती प्रदेश संसदीय दलले बागमती प्रदेश सरकारलाई ९ वटा आरोप लगाएको छ । प्रदेश सरकार आर्थिक चलखेलदेखि महत्वपूर्ण संरचना निर्माण अधुरै राखेर काम नगरेकोप्रति एमालेले रोष प्रकट गरेको हो ।

हेटौडामा बसेको संसदीय दलको बैठकका निर्णय सार्वजनिक गर्दै एमालेले बागमती सरकार निश्चित मन्त्री र कार्यकर्ता रिझाउनमै व्यस्त रहेको आरोप लगाइएको छ । जनताको विषय उठान गर्नुपर्ने संसद लामो समयदेखि बन्द गरेर सरकारले राम्रो नगरेको एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बताए । उनले लामो समयदेखि संसद् बन्द हुँदा प्रतिनिधिले जनताका आवाज सरकार समक्ष पुऱ्याउन नपाएको सुनाए । मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकार आर्थिक चलखेलमा लागेकोसमेत थपलियाले आरोप लगाएका छन् ।

सरकारले यातायात कार्यालय र ट्रायल सेन्टरहरु बढाउने नाममा प्रदेशको आर्थिक भार बढ्ने गरी आर्थिक चलखेल हुन थालेको एमालेले आरोप लगाएको हो । सरकारले बजेटमा थप दरबन्दी र संगठन सिर्जना नगर्ने र सवारीसाधन खरिद गर्ने कार्यलाई निरुत्साहित गर्ने भनेर २६ नम्बर बुँदामा उल्लेख गरिए पनि सरकार आफ्नै नीतिविपरित सरकारलाई आर्थिक भार बढाउनेतर्फ लागेको आरोप लगाइएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को बजेट पास गर्दा प्रमुख प्रतिपक्षी र प्रतिपक्षी दलसँग गरिएको सम्झौता पूर्णरुपमा पालना नगरेकोमा एमालेले असन्तुष्टि जनाएको छ । नेता थपलियाले सरकारलाई तत्काल सहमति पालन गरी सदन सञ्चालन गर्ने वातावरण तयार पार्न आग्रह गरेको छ । 'प्रदेशसभाको पहिलो वर्षको कार्यकालमा ३८ दिन संदन सञ्चालन हुँदा ५६ वटा मात्र बैठक बसेका छन् । यो न्यून हो ।', उनले भने । नेता थपलियाले सरकारले आफ्नो अनुकुलमा मात्र अधिवेशन बोलाउने काम गरिरहेको बताए ।

नेता थपलियाले प्रदेश सभा गठनको एक वर्षसम्ममा संसदीय समितिको सभापति चयन नभएको भन्दै दलीय सहमतिका आधारमा संसदीय समितिको सभापति चयन प्रक्रिया थाल्न सरकार समक्ष माग गरेका छन् । प्रदेशका सबै क्षेत्रलाई समानुपातिक र समावेशी रुपमा बजेट विनियोजन नभएको कारण सदनमा अवरोध गर्नुपरेको थपलियाले बताए । सरकारले आफ्नो कमजोरी सच्याएर प्रतिपक्षले दिएको योजनामा सम्झौताअनुसार अर्थ विविध शीर्षकको बजेट विनियोजन गर्न एमालेले माग गरेको उनले बताए ।

# ठगीको आरोपमा मकवानपुरकी चुहान पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/वैदेशिक रोजगारीमा पठाइदिने भन्दै तीन लाख रुपैयाँ ठगी गरेको आरोपमा मकवानपुरकी ३३ वर्षीया युवतीलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले मकवानपुर घर भई हाल काठमाडौं तार्केश्वर नगरपालिका-५ बस्ने ३३ वर्षीया चमेली चुहानलाई पक्राउ गरेको हो । प्रहरीले चुहानसँगै अर्का एक पुरुषलाई पनि पक्राउ गरेको छ । चितवन रत्ननगर नगरपालिका-१६ घर भई काठमाडौं तार्केश्वर नगर पालिका-५ बस्ने ४० वर्षीय नवीन खड्का पनि ठगीमा संलग्न रहेको प्रहरीको दाबी छ । उनीहरुले दुबई पठाइदिन्छु भन्दै तीन लाख रुपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले मंगलबार चुहानलाई बालाजुबाट र नवीनलाई नयाँबानेश्वरबाट नियन्त्रणमा लिएको थियो । उनीहरुविरुद्ध पीडित जगत बहादुर विष्टले वैदेशिक रोजगारीको लागि दुबई पठाइदिन्छु भन्दै तीन लाख रुपैयाँ लिएपछि सम्पर्कविहीन भएको वैदेशिक रोजगारी विभागमा उजुरी दिएका थिए । सोही आधारमा उनलाई पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले बताए । आरोपित दुईजनालाई थप अनुसन्धानका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ ।

# व्यक्तिगत लगानीमा मन्दिर निर्माण

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ हेटौंडाका एक समाजसेवीले व्यक्तिगत डेढ करोड लगानीमा आकर्षक मन्दिर निर्माण गरेका छन् । हेटौंडा उपमहानगरपालिका-७ निवासी दलबहादुर खड्का (काइला दाइ)ले हेटौंडा-७ नागस्वतीचोक वडा कार्यालय परिसरमा आफ्नो एकल डेढ करोड लगानीमा वनदेवी तथा राधाकृष्ण मन्दिरको निर्माण गरेका हुन् ।

हेटौंडामा १७ वर्ष वनस्पति घ्यु उद्योगमा टिना बोक्ने काम गर्नुभएका खड्काले वीस वर्ष कुखुरा व्यवसायी समेत बने । कुखुरा व्यवसायी रहँदा रुगँटाको देशभर सबैभन्दा बढी दाना विक्री गर्ने व्यवसायीको रुपमा कहलिएका उनले यस पेशामा नेपालभर परिचय बनाएका छन् । सानो उमेरदेखि धर्मकर्ममा विश्वास गर्ने खड्काले भगवानको कर्म राम्रो गरेमा आशीर्वाद पाइने भन्दै व्यक्तिगत लगानीमा मन्दिर निर्माण गरेको बताउछन् ।

व्यवसाय गरेर राम्रै आम्दानी गरेका खड्काले मृत्युपश्चात सँगै लाने होइन बरु सामाजिक काम गर्न सकियो भने पुस्तौंले सम्झीर हन्छन् भन्ने उद्देश्यले मन्दिर निर्माणमा लागेको बताउछन् । सुरुमा पचास लाखको योजना सहित मन्दिर निर्माण जुटेका खड्का निर्माण गर्दै जादाँ डेढ करोड खर्च भएको बताउछन् ।

सार्वजनिक जग्गामा वडा कार्यालयको स्वामित्वमा निर्माण गरिएको मन्दिर करिब २ कठ्ठा क्षेत्रफलमा फैलिएको छ । ९ पटक भागवत् कथाश्रवणसँगै व्रत बसेर ध्यान गरेका खड्काले धर्मकर्मलाई विश्वास गर्दै एकल लगानीमा मन्दिर निर्माणका अघि सरेको बताउँछन् । उनले कमाएको रकमबाट जोडेको जमिन विक्रीबाट आएको रकमले मन्दिर निर्माण सुरु गरेको र अब यसको संरक्षण वडा कार्यालयले गर्नुपर्ने बताए ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६०

ENTRANCE EXAMINATION
FOR THE ADMISSION TO:

MBS Master of Business Studies

ENTRANCE EXAM APPLICATION FORM DEADLINE
POUSH 06, 2080



Hetauda School of Management and Social Sciences

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

साझाकुरा

## हाम्रो कुरा

# विश्वविद्यालय मकवानपुरबासीको गौरव

बागमती प्रदेश सरकारले गरेको स्वागतयोग्य निर्णयमध्ये प्रादेशिक विश्वविद्यालय पनि हो । मन्त्रीपरिषद् बैंठकले मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादेशिक विश्वविद्यालय बनाउने निर्णय गरेको छ । प्रदेश सरकारले प्रदेशको शैक्षिक विकासका लागि प्रादेश सार्वजनिक विश्वविद्यालय स्थापना गर्नका लागि संरचना तयार गर्न अनुमति प्रदान गर्ने निर्णय गरेको हो । बागमती प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले हेटौंडा उपमहानगर पालिका-२ मा रहेको मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको सार्वजानिक विश्वविद्यालय बनाउने निर्णय गरेको हो । केहीदिन भित्र क्याम्पस सञ्चालक समितिबीच छलफलबाट काम अगाडि बढाइने भएको छ । मकवानपुर बहुमुखी क्याम्पस नेपालका उत्कृष्ठ १० सामुदायिक क्याम्पस भित्र पर्छ । कुनै कालखण्डमा आधुनिक राष्ट्रिय माविको २ वटा कक्षाकोठामा बिहानीको समयमा पठनपाठन सुरु गरेर स्थापना भएको मकवानपुर बहुमुखी क्याम्पसले आज विश्वविद्यालयको रुप धारण गर्नु भनेको मकवानपुरबासीको गौरबको बिषय हो ।

विश्वविद्यालय स्थापनाका लागि क्याम्पस सञ्चालक समितिसँग छलफल गरी विश्वविद्यालयको कार्यालय स्थापना गर्ने चरणमा रहेको बताइएको छ । प्रदेश सरकारको निर्णयले मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालयको रुपमा विकास गर्न ढोका खुलेको छ । करिब ७ हजार विद्यार्थी अध्ययन गरिरहेको मकवानपुर बहुमुखी क्याम्पससँग रहेको भवन, जग्गाजमिन, भौतिक संरचना विश्वविद्यालयका लागि अपुग हुने भएकोले क्याम्पसले फराकिलो जग्गा खोजी गरिरहेको बताइएको छ । हेटौंडा उपमहानगरको वडा नं. ११ सरस्वती तल्लोतालस्थित नदीउकास जग्गामा विश्वविद्यालयका लागि आवश्यक पर्ने थप संरचना निर्माणका लागि जग्गा उपलब्ध गराउने बिषयमा छलफल भइरहेको क्याम्पसले जनाएको छ । राप्तीकिनारमा रहेको नदीउकास जग्गा तटबन्ध गरी विश्वविद्यालयलाई उपलब्ध गराउने बिषयमा छलफल भइरहेको वडाले जनाएको छ । विश्वविद्यालयलाई जग्गा अपुग भयो भने यही जग्गासँग जोडिएको हेटौंडा-३ बसामाडीको नदीउकास जग्गा पनि पर्याप्त रहेको बताइएको छ ।

विश्वविद्यालयका लागि भविश्यसम्म फराकिलो जग्गा आवश्यक पर्ने भएकोले बागमती गाउँपालिकामा पनि खोजी भइरहेको बताइएको छ । बागमती गाउँपालिले पनि फापरबारी क्षेत्रमा विश्वविद्यालयका लागि उपयुक्त जग्गा पर्याप्त रहेको बताएको छ । विश्वविद्यालयलाई आवश्यक पर्ने जग्गा स्थानीय तहले ब्यवस्थापन गर्न सक्ने गरी प्रदेश सरकारले कार्यबिधि निर्माण गरी पारित गरिसकेको छ । त्यही आधारमा स्थानीय तहले विश्वविद्यालयलाई आवश्यक जग्गा उपलब्ध गराउन सक्ने क्याम्पसले जानकारी दिएको छ । प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालय स्थापनाका लागि केही समय अघिदेखि गृहकार्य गरिरहेको थियो । हेटौंडामा भएको क्याम्पस सञ्चालक समिति तथा सरोकारवालाको बैठकले प्रदेशको राजधानीमा विश्वविद्यालयको आवश्यकता रहेको र प्रदेश सरकारले पनि प्रदेश विश्वविद्यालयको अवधारणालाई प्राथमिकताको साथ अघि बढाएको भन्दै मकवानपुर बहुमुखी क्याम्पसलाई नै विश्वविद्यालयको रुपमा अघि बढाउने गरी काम गर्न समिति निर्माण गरिएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस ६ गते शुक्रबार, २२ डिसेम्बर २०२३ । दशमी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५२, सूर्यास्त ५:१२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | **तुला** | : प्रयत्न सफल हुनेछ |
| **वृष** | : यात्रामा खर्च बढ्नेछ | **वृश्चिक** | : पढाइलेखाइमा प्रगति हुनेछ |
| **मिथुन** | : मौकाको फाइदा लिन सकिनेछ | **धनु** | : सेवामूलक कामबाट धनलाभ |
| **कर्कट** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ | **मकर** | : स्वास्थ्य कमजोर रहनेछ |
| **सिंह** | : मुद्दा-मामिलामा विजयी भइनेछ | **कुम्भ** | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ |
| **कन्या** | : लगनशीलताले उपलब्धि | **मीन** | : सहयोगीका माध्यमबाट काम बन्ने |

# संरचनामुखी विकास हैन, मान्छे चिन्ने उन्नति



✍ मनिकर कार्की

विकास अर्थशास्त्रीहरूका अनुसार बढ्दो बेरोजगारी, गरिबी, पूर्वाधार एवं वित्तीय स्रोतको अभाव, न्यून उत्पादन, आयको असमान वितरण, खाद्यान्न एवं पोषणको कमी लगायत समस्याहरू अल्पविकसित एवं अविकसित मुलुकका साझा समस्या हुन् । खासगरी द्वन्द्व र राजनीतिक अस्थिरताका कारण पछाडि परेका अविकसित मुलुकहरूले सत्ता सिर्जित यी यावत् समस्याका साथै पछिल्लो समय विश्वव्यापी तापमान वृद्धिको प्रत्यक्ष असरको भुक्तमान पनि बेहोर्नु परिरहेको छ ।

त्यस्तै ती मुलुकहरूमा राजनीतिक नेतृत्वमा विद्यमान सामाजिक एवं आर्थिक रूपान्तरण सम्बन्धी स्पष्ट दृष्टिकोणको अभाव पनि अविकासको कारण हो । किनकि राजनीतिक संक्रमणको उचित व्यवस्थापन गर्दै एकाग्र सोच, दृष्टिकोण र राजनीतिक ऐक्यबद्धताका साथ प्रगतिका लागि उन्नत सोच राखेर काम गरेका द्वन्द्वोत्तर मुलुकहरूले केही दशकको अन्तरालमै लोभलाग्दो प्रगति गर्न सफल भएका छन् ।

यसको लोभलाग्दो दृष्टान्त मध्य अफ्रिकी मुलुक युगान्डाले केही दशकयता देखाएको चमत्कार हो । क्रूर तानाशाह इदि अमिनको झण्डै दशक शासनावधिमा अभाव, द्वन्द्व र क्रूरताको चक्रमा पिसिएको युगान्डाले सन् १९७९ सम्मको अमिन युगको अन्त्यपछिका केही दशकमा गरेको तरक्की हाम्रो जस्तो अविकसित मुलुकका लागि सबैभन्दा उत्कृष्ट दृष्टान्त हो ।

यसर्थ, स्पष्ट दृष्टिकोण, दृढ राजनीतिक इच्छाशक्ति, जिम्मेवारीबोध, सेवाभाव र राज्य एवं लोकतान्त्रिक संस्थाहरूको निर्माण नै आर्थिक, सामाजिक रूपान्तरणका आधार हुन् । यी आधारभूत गुणवत्ता भएको राजनीतिक नेतृत्वको अभावले नै हाम्रा जस्ता मुलुकहरूले भने देखिने गरी प्रगति गर्न सकेका छैनन् ।

विश्वका सबैजसो अविकसित देशहरूले झेलेका समस्या हामीले पनि ऐतिहासिक कालखण्डदेखि नै झेल्दै र भोग्दै आएका छौं । संसारका धेरै देशले गरेको तरक्की सन् १९४० को दशकको दोस्रो महायुद्धको समाप्ति पश्चात् नै हो । झन् नेपालले त आधुनिकतामा पाइला टेक्ने अवसर धेरै पछि पाएको हो ।

सन् १९५० को राजनीतिक परिवर्तन नै नेपालमा आधुनिक राज्य व्यवस्थाको सुरुवातका लागि पानीढलो बन्न पुग्यो ।

त्यसैले १९५० यताको सात दशक नै आधुनिक नेपालको उत्तरखण्ड हो । तर, यो सात दशक हामीले राजनीतिक संघर्षमै व्यतीत गर्‍यौं । यस अवधिमा धेरैपटक राजनीतिक संघर्ष भएका छन् । प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका खातिर, जनताले चिन्ने र जनतालाई चिन्ने राज्य व्यवस्था ल्याउनका लागि निकै पेचिला संघर्षहरू भए । ती प्रत्येक राजनीतिक संघर्षमा व्यापक जनसहभागिता रहन गयो ।

ती संघर्षहरूमा जनताको साथ र सहभागिता आफ्नो आर्थिक, सामाजिक एवं राजनीतिक हैसियत उठाउनका लागि थियो । विद्यमान अवस्था फेर्नका लागि थियो । तथापि गएको सात दशकमा भएका राजनीतिक परिवर्तनले आद्योपान्त आधारभूत एजेण्डामा परिवर्तन भएको छैन ।

मुलुकको संविधानले शिक्षा, स्वास्थ्य र रोजगारी जस्ता जनताका दैनिकीसँग सम्बन्धित विषयहरूलाई मौलिक हकको रूपमा व्याख्या गरी हरेक व्यक्तिले सो अधिकारको उपयोग गर्न पाउने कानुनी अधिकार समेत स्थापित गरिदिएको छ । तर, यी सबै परिवर्तनका बाबजुद पनि जनताको दैनिकीमा परिवर्तन हुनसकेको छैन ।

जनजीविकाका सवालमा ७० वर्ष अघिकै नारा अहिले पनि सान्दर्भिक भएका छन् । अहिले पनि जनताले सहज र सर्वसुलभ शिक्षा, स्वास्थ्य सेवा पाएका छैनन् । बेरोजगारी बहुआयामिक रूपमा बढेको छ । देशमा कसैको आर्थिक सुरक्षा छैन । जनताको आयस्ता बढ्न सकेको छैन । उत्पादन बढ्न सकेको छैन । आयात र उपभोगमा आधारित अर्थतन्त्रको संरचना बदलिन सकेको छैन ।

आखिर किन हामीले यो सात दशकको परिवर्तनबाट पनि जनताको दैनिकी बदल्न सकेनौं ? किन यो मुलुक बन्न सकेन ? किन हामीले चाहे जस्तो आर्थिक विकास र प्रगति गर्न सकेनौं ? किन जनताको प्रगति र उन्नति हुन सकेन ?

यसको ऐतिहासिक कारण खोतल्ने हो भने स्पष्ट राजनीतिक प्रतिबद्धताको अभाव नै नेपालको अविकासको मुख्य कारण हुन आउँछ । नेपाली राजनीतिको सात दशकको ऐतिहासिक प्रवृत्ति के रह्यो भने राजनीतिक नेतृत्वमा विकास, उन्नति र प्रगतिप्रति कुनै अठोट र दृढ संकल्प जाग्न सकेन । नेतृत्वमा त्यस्तो हुटहुटी नै पैदा हुन सकेन ।

१९५१ को राजनीतिक परिवर्तनले जनपक्षीय स्वरूप ग्रहण गर्न नपाउँदै सत्ता प्राप्तिका लागि तत्कालीन नेपाली कांग्रेसमा टुटफुट र गुटबन्दी सुरु भएको तीतो यथार्थ इतिहासका पानामा लेखांकित छ । अनि अन्तरदलीय रूपमा हेर्दा पनि मुलुकको प्रगति र उन्नति अनि आफ्नोपनको खोजीका लागि कहिल्यै मतैक्य हुन सकेन ।

सन् १९४९ मा पुष्पलाल श्रेष्ठ लगायत ५ जनाको संस्थापनामा जन्मिएको नेपाल कम्युनिस्ट पार्टीले क्रान्ति नायक बीपी कोइराला तथा नेपाली कांग्रेसलाई 'कम्युनिस्टको डर देखाई राणासँग सम्झौता गरेको' आरोप लगाएर 'राणासँग सम्झौता होइन, क्रान्ति' को रणनीति अगाडि सारेको थियो । अर्थात् उसले भर्खरै मुलुकमा भएको राजनीतिक परिवर्तनलाई स्वीकार गर्दै त्यसको उचित व्यवस्थापन गर्दै जनतालाई परिवर्तनको अनुभूति गराउने काममा साथ दिएन । बरु चर्का क्रान्तिकारी नारा अनि दस्तावेज मार्फत अलमल र अस्थिरताकै बीजारोपण गरिदियो ।

उता क्रान्तिपछि सत्तामा आएको नेपाली कांग्रेसको नेतृत्वमा देखापरेको कलह र सत्ता मनोकांक्षा छरपस्ट हुँदा परिवर्तनका उपलब्धिहरू संस्थागत हुन पाएनन् । परिणामत: राजा त्रिभुवनले विधानसभा गठन गर्ने आफ्नो घोषणा बिर्सिए र सरकार अदलीबदली मार्फत अस्थिरतालाई नै निरन्तरता दिए ।

सन् १९५७/५८ सम्म आइपुग्दा त राजनीतिक नेतृत्व एकले अर्कालाई राष्ट्रघातीको आरोप/प्रत्यारोपमा उत्रियो । राजनीतिक नेतृत्वले सुझबुझ देखाउन सकेन । जसका कारण राणाशाहीबाट खोसिएको सत्ता पुन: दरबारमै कैद हुनपुग्यो । जनताको स्वतन्त्रता र वैधानिक शासनको चाह पूरा भएन । जीवनमा अपेक्षाकृत परिवर्तन देखापरेन । आर्थिक र सामाजिक अवस्था बदलिएन ।

यसैबीच १५ डिसेम्बर, १९६० सम्म आइपुग्दा निर्वाचित प्रधानमन्त्रीलाई अपदस्त गरी तत्कालीन राजा महेन्द्रले 'कु' मार्फत पञ्चायत नामक निर्दलीय व्यवस्था लागू गरे । त्यसपश्चात् राजा महेन्द्रले 'हावा, पानी र माटो सुहाउँदो विकास'का लागि भन्दै मुलुकलाई निर्दलीय पञ्चायतको कालरात्रिमा होमे र त्यो याम ३० वर्ष चल्यो ।

सन् १९९० को परिवर्तनले निर्दलीय पञ्चायती व्यवस्थालाई उल्ट्याएर प्रजातन्त्रको पुनर्बहाली त गर्‍यो तर, त्यसयता पनि राजनीतिक नेतृत्वमा जनताको अवस्था बदल्ने परिकल्पना, दृष्टिकोण, विचार, कार्यक्रम र दृढ इच्छाशक्ति देखिएन । बरु, त्यसयताको झण्डै तीन दशक प्रजातन्त्रको नाउँमा संसदीय अभ्यासको विकृत रूप देखा पर्‍यो ।

त्यो राजनीतिक अस्थिरताको जगमा तत्कालीन नेकपा माओवादीले युद्ध सुरु गरी उचाइसम्म पुर्‍यायो र सन् २००६ को दोस्रो जनआन्दोलन मार्फत विस्तृत शान्ति-सम्झौता मार्फत हुँदै शान्तिपूर्ण राजनीतिमा आयो । त्यसपछि ऐतिहासिक संविधानसभाको निर्वाचन हुँदै गणतन्त्र, संघीयता, समावेशिता सहितको सन् २०१५ मा नयाँ संविधान लेखियो ।

तथापि जनस्तरमा परिवर्तनको लाभांश पुग्ने संयन्त्र निर्माण हुनसकेको छैन । त्यसयताको अवधिमा विकासका नाउँमा भौतिक परिवर्तन त भएको छ तर, त्यसले उत्पादन र जनताको दैनिकीलाई प्रभावित पार्न सकेको देखिएन । विकास, निर्माणका सवालमा पछिल्लो समय बाटोघाटो, पुलपुलेसा, विमानस्थल, सरकारी भवन निर्माण, शहरबजार आदि पूर्वाधारजन्य क्षेत्रमा निकै ठूलो लगानी भएको छ र त्यसले देखिने गरी भौतिक पूर्वाधारको निर्माण पनि भएको देखिन्छ ।

तर, त्यस्तो पूर्वाधारजन्य क्षेत्रको निर्माण गर्दा जनताको आवश्यकता र अर्थतन्त्रलाई चलायमान बनाउने क्षेत्रको पहिचान हुन सकेन । अर्थतन्त्रको उत्पादनमुखी क्षेत्र के हो ? भन्ने कुरामा ध्यान नदिदा हाम्रो पूर्वाधारको लगानीले प्रतिफल दिन सकेको छैन । यसो भन्दै गर्दा पूर्वाधारमा गरिएको लगानीले तत्कालै कसरी प्रतिफल दिन्छ ? भन्ने प्रश्न उत्पन्न हुन सक्छ ।

हो, राज्यले पूर्वाधारमा गर्ने लगानी दीर्घकालका लागि हो । यसबाट अल्पकालीन प्रतिफलको अपेक्षा गर्नु पनि हुँदैन । तर, हाम्रो जस्तो सीमित स्रोतमा खुम्चिनुपर्ने अवस्था भएका मुलुकहरूले पूर्वाधारमा गरिने लगानीका लागि पनि प्राथमिकता निर्धारण भने अवश्य नै गर्नुपर्ने हुन्छ । हामीसँग भएको थोरै स्रोतको लगानी गर्दा तत्कालका लागि उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने क्षेत्रको पहिचान अपरिहार्य हुन्छ ।

अर्थात्, हाम्रा विकास निर्माणका कार्यले जनतालाई जोड्न सक्नुपर्दथ्यो । मान्छे चिन्न सक्नुपर्दथ्यो । तर, त्यसो हुनसकेको छैन । उदाहरणका लागि पछिल्लो १० वर्षमा केन्द्रदेखि स्थानीय तहहुँदै वडासम्म बनेको सरकारी भवनहरूलाई हेर्न सकिन्छ । स्थानीय तहहरूले 'सिंहदरबार' शैलीमा निर्माण गरेका प्रशासनिक भवनहरूमा 'आवश्यकता' भन्दा पनि 'चाहना' प्रतिबिम्बित भएको देखिन्छ ।

यदि सरकारले नै आवश्यकता र औचित्य प्रष्ट्याएर मात्रै सरकारी भवन निर्माण गर्ने कार्यविधि लागू गरेको हुन्थ्यो भने सरकारी भवन निर्माणमा उपयोग भएको ठूलो धनराशिलाई उत्पादनमूलक क्षेत्रमा वैकल्पिक प्रयोग गर्न सकिन्थ्यो । तर, 'गाउँको सिंहदरबार' स्थापित गर्ने नाउँमा सबैजसो स्थानीय तहहरूमा ठूला-ठूला प्रशासनिक भवन निर्माणमा अर्बौं खर्च गरियो ।

त्यसो त नेपालमा सन् १९५१ को प्रजातान्त्रिक परिवर्तनपछि वैदेशिक सहयोगसँगै भित्रिएको 'डेभलपमेन्ट' अर्थात् विकासको अवधारणामै खोट देखापर्छ । मूलत: दोस्रो विश्वयुद्धको समाप्तिसँगै सन् १९४४ मा युद्धले तहसनहस पारेको भौतिक एवं आर्थिक संरचनाहरू पुन: खडा गर्ने उद्देश्यका साथ अमेरिकाको ब्रिटन उड्स भन्ने ठाउँमा विश्वका ४३ देशका प्रतिनिधिहरूले एउटा सम्झौता गरे, जसलाई ब्रिटन उड्स सम्झौता भनियो ।

सम्झौता अनुरूप विश्व अर्थतन्त्रलाई स्थिर र गतिशील बनाउन भन्दै दुई संस्थाको जन्म भयो- विश्व ब्याङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोष । यी दुई संस्थाहरूले दीर्घकालीन एवं अल्पकालीन वित्तीय सहायता प्रदान गर्न सुरु गरे । विश्व ब्याङ्कले अल्पविकसित मुलुकहरूको आर्थिक पुनरुत्थान र सुधारका लागि वित्तीय तथा परामर्श सहयोग सुरु गर्न थाल्यो । त्यही अवधारणा अनुरूप नेपालमा पनि 'विकास' भित्रियो ।

राणाहरूले डेभलपमेन्ट अर्थात् विकास भन्दैनथे । त्यसबेलासम्म विकासको अर्थमा 'उन्नति' नै प्रयोग हुन्थ्यो । तर, आर्थिक सहायता सहित भित्रिएको 'विकास' ले उन्नतिलाई उछिन्यो र विकासको भाष्य बेलगाम विस्तार भयो । संयोगवश, नेपालमा विकास शब्दको प्रयोग वैदेशिक सहायतासँगै भित्रिएको हुँदा विकासको भाष्य नै हुनेले नहुनेलाई दिने वस्तु वा सेवाकै रूपमा चित्रित हुनपुग्यो ।

फलत: अहिलेसम्मको विकासले न त व्यापक मात्रामा रोजगारी सिर्जना गरी स्थानीय जनतालाई समेट्न सक्यो, न त यसले स्थानीय अर्थतन्त्रलाई नै मूलधारमा जोड्न सक्यो । समाजको पिंधमा रहेका मानिसको दैनिकी जस्ताको त्यस्तै रहने यस्तो विकासले केवल केही सीमित वर्ग र शासकीय समुदायमा आर्थिक लाभ पुग्ने बाहेक अर्थोक परिवर्तन गर्न सकेको देखिँदैन । अत: विद्यमान विकासको यो उल्टो प्रवाहलाई सुल्ट्याउँदै साँच्चिकै नागरिकको दैनिकी सुधिने 'मान्छे चिन्ने' विकासको पहलु वर्तमानको आवश्यकता हो ।

स्पष्ट छ कि, अबको युग दर्शन र सिद्धान्तको पैरवी मात्रै गरिबस्ने समय होइन, यो त 'सेवा प्रवाह' अर्थात् प्रत्यक्ष डेलिभरीको युग हो । विचारका असल पक्षलाई लागू गर्ने समय हो । अब नागरिकलाई सेवा सुविधाको डेलिभरी नै प्रमुख राजनीतिक एजेण्डा बनिसकेको छ । त्यसैले जनतालाई डेलिभरी दिने नै अबको व्यावहारिक राजनीति हो ।

विगतदेखि अहिलेसम्म परम्परागत कम्युनिस्ट विचार बोक्नेहरूले केवल धनको पुनर्वितरणलाई नै आफ्नो 'समाजवादी कन्टेन्ट' ठानिरहे । उनीहरूको पूँजी र पूँजी निर्माणको प्रक्रियालाई हेर्ने पुरानै बायस्ड दृष्टिकोण छ । जसका कारण कम्युनिस्ट भनिनेहरूको शासनकालमा अर्थतन्त्रको दायरा फराकिलो हुनै सकेको छैन । उत्पादन र उत्पादकत्वको बढोत्तरी नगरी लिइने पुनर्वितरणको नीतिले सबैलाई एकैचोटि कंगाल बनाउनेछ, न कि सबैलाई धनी र सम्पन्न ।

अर्कोतिर नवउदारवादी अर्थ-राजनीतिक दृष्टिकोण अँगाल्ने नेपाली कांग्रेस लगायतका दलहरूले मुलुकको अर्थ-राजनीतिक परिवर्तनको कन्टेन्टमा उतिसारो चासो राखिरहेको देखिँदैन । सबै कुरा बजारले नै निर्धारण गर्छ र राज्यले कुनै प्रकारको हस्तक्षेप गर्नुहुँदैन भन्ने 'लायसिज फेयर' अर्थतन्त्र अँगाल्ने कांग्रेस पनि पछिल्लो समय पारम्परिक समाजवादीहरूको वितरणमुखी अर्थतन्त्रको ढाँचातिरै लहसिएको महसुस हुन्छ ।

त्यसैले अहिलेको आर्थिक वस्तुस्थिति र आवश्यकताको ठीक समीक्षा गर्दै उपयुक्त आर्थिक नीति तय गर्नु नै चुनौती बनेको छ । संविधानले परिकल्पना गरेको समाजवाद-उन्मुख अर्थ-राजनीतिका लागि निजी क्षेत्र, समुदाय र राज्यसम्मिलित तीन खम्बे अर्थनीतिलाई प्रवर्द्धन गर्ने कुरालाई सैद्धान्तिक रूपमा सबै पार्टीहरूले ग्रहण गरेका छन् ।

तर, त्यसको कन्टेन्टमा भने कसैले पनि बहस गरेका छैनन् । तीन खम्बे अर्थनीतिको कुरा गर्दा अर्थतन्त्रका पूर्वाधार, उत्पादन र सेवामुखी क्षेत्रहरूको क्षेत्रगत विभाजन अपरिहार्य हुनजान्छ । तर, यस विषयमा मुख्य राजनीतिक दलहरूले ध्यान दिएका छैनन् ।

मुलुक निकै लामो समयदेखि तदर्थवादमै चलेको छ । राज्यको सेवाको प्याकेजलाई रि-डिजाइन गरिएको छैन । केवल रि-प्याकेजिङ मात्रै भइरहेको छ । अहिले डेलिभरीको राजनीति आकर्षित हुँदै गर्दा के डेलिभरी दिने ? भन्ने विषय मुख्य चासोको विषय हुनपर्छ ।

त्यसैले अब मात्र विकास र समृद्धिको एकसरो नाराले पुग्दैन । जनतालाई भौतिक पूर्वाधारजन्य सडक, विमानस्थल, रेल, पानीजहाज, भ्यूटावर जस्ता संरचनामुखी विकास हैन, जनताको दैनिकी जोड्दै उनीहरूलाई समृद्धि र प्रगतितर्फ अग्रसर गर्ने 'उन्नति' चाहिएको छ । उन्नति बेगरको विकासले जनतालाई छुँदैन, मान्छेलाई चिन्दैन । त्यसैले अब संरचनामुखी कथित विकास हैन, मान्छे चिन्ने उन्नति बारे विमर्श जरूरी देखिन्छ ।

*साभार: अनलाइनखबर*

# नवजात शिशुमा सुनाइ परीक्षणको आवश्यकता किन ?

✍ डा रविन्द्रभक्त प्रधानाङ्ग

अहिलेको आधुनिक वैज्ञानिक युगमा अनेकौं आविस्कारसँगै सबैजसो क्षेत्रमा धेरै कुराको समाधान हुने सम्भावना बढदै गएको छ । नवजात शिशुले देख्छ कि देख्दैन भनी जाँच गर्न मिले जस्तै नवजात शिशुले सुन्न सक्छ कि सक्दैन भनी पत्ता लगाउन पनि सम्भव भएको छ । मानव कानको बिकासको पूर्णता गर्भावस्थामा नै हुन्छ । जन्मने बित्तिकै शिशुले सामान्य अवस्थामा सुन्न सक्ने हुन्छ ।

सन १९८० मा आविस्कार भएको अटो एकाउस्टीक ईमिसन (ओएई) टेक्नोलोजिको प्रयोगबाट जन्मने बितिकै शिशुले सुन्न सक्छ कि सक्दैन भनी पत्ता लगाउन सम्भव भएको छ । अडिटरी ब्रेनस्टेम रेस्पोन्स (एबिआर) नामक परीक्षणले कानको सुनाई शक्ति, सुनाइमा संलग्न भएको भित्रि कानदेखि दिमागसँग जोड्ने नशामा भएका समस्या पत्ता लगाउन पनि सकिने अवस्थाको छ । एविआर परीक्षणलाई पनि स्क्रीनिङको रुपमा प्रयोग गर्न सकिन्छ जसलाई अटोमोटिक एविआर (एएविआर) भनिन्छ । ओएई तथा एएविआर मेसिन तथा प्रविधिबाट नवजात शिशुको सुनाइको परीक्षण गर्न सकिन्छ । यसरी परीक्षण गर्दा शिशुलाई कुनै किसिमको हानी हुदैन ।

### न्यूयोनेटल हेयरिङ स्क्रिनिङ-

कुनै अस्पतालमा जन्मभएका सम्पूर्ण नवजात शिशुको सुनाईको परीक्षण गर्ने कार्यलाई यूनिभर्सल न्यूयोनेटल हेयरिङ स्क्रिनिङ कार्यक्रम भनिन्छ । अन्तरर्राष्ट्रिय जगतमा सबैजसो विकसित राष्ट्रहरुमा यसको सुरुवात दशकौ वर्ष पहिले नै भएको पाइन्छ । बिस्तारै यो कार्यक्रम धेरै राष्ट्रमा सरकारी तवरबाट नियमित कार्यक्रममा राखेको पाइन्छ । शिशु जन्मेको करिब १ महिनाभित्र दुबै कानको सुनाई ओएई वा एएबिआर प्रविधिको प्रयोगबाट गर्ने गरिन्छ । यो परीक्षण दुई चरणमा गरिन्छ ।

पहिलो चरणको परीक्षण - शिशु जन्मेको १२ घण्टापछि अस्पतालबाट डिस्चार्ज हुनु अगाडि ओएइ वा एएबिआरबाट गरिन्छ । यसमा दुबै कानको परीक्षण २-२ पटक गरिन्छ । पहिलो चरणको परीक्षणबाट सुनाई सामान्य भएमा अरु परीक्षण गरिदैन ।

दोश्रो चरणको परीक्षण - पहिलो चरणको परीक्षणमा शंकास्पद नतिजा आएमा वा सुनाईमा कमि वा नसुनेको जस्तो लागेमा दोश्रो चरणको परीक्षण गरिन्छ । यो परीक्षण पहिलो चरणको परीक्षणको करीब १ महिनापछि गरिन्छ । यसमा पनि पहिलो चरणको परीक्षणमा जस्तै ओएइ वा एएबिआरको प्रयोगबाट जाँच हुन्छ । यसपटक पनि दुवै कानको परीक्षणा २-२ पटक गरिन्छ । यो परीक्षणमा सामान्य देखिएमा 'पास' वा सामान्य नदेखिएमा 'रेफर' कोड गरिन्छ । 'रेफर' भएमा कानको सम्पूर्ण आवश्यक जांच गरेर सुनाईको यकिन गर्नको लागि अडियोलोजिष्टको मा रेफर गरिन्छ ।

### हेयरिङ स्क्रिनिङको आवश्यकता किन ?

नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा नवजात शिशुले सुन्न नसक्ने कुरा शिशुको उमेर १ देखि २ वर्ष पुगेपछि वा बोलि तथा भाषाको विकास नभएपछि थाहा पाउँछन् । यो समयमा शिशुको विकासमा धेरै पछाडि परिसकेको हुन्छ । यदि समयमा नै सुनाइको समस्या पत्ता लगाउन सकेको खण्डमा समयमा नै यसको उपचार गर्न सकेमा शिशुको विकासलाई सामान्य बनाउन सकिन्छ । कानको सुनाई कम भएका शिशुलाई सामान्य बनाउनको लागि आवश्यकता अनुसारको श्रवण यन्त्र (हेयरिङ एड) समयमा लगाई दिएमा अन्य वृद्धि विकासलाई पनि सामान्य बनाउन सकिन्छ ।

पटक्कै कान नसुनेका शिशुलाई समयमा नै कक्लियर इम्प्लान्ट प्रयोग गरी अन्य तालिम दिई सामान्य व्यक्तिको रुपमा परिर्वतन गर्न सकिन्छ । कानको बाहिरी भागको माग विकास नभएको अवस्थामा पनि विभिन्न अत्याधुनिक श्रवण यन्त्रहरु जस्तै 'बाहा' 'बोन ब्रिज' 'साउण्ड आर्क' 'एडेयर' जस्ता उपकरणको प्रयोगबाट सुनाई सामान्य बनाउन सकिन्छ ।

### हेयरिङ कार्यक्रम संचालनमा चुनौती

१) पर्याप्त आत्याधुनिक मेसिनको जरुरत
२) प्राविधिक जनशक्तिको आवश्यकता
३) थप प्रशासनिक जनशक्तिको आवश्यकता
४) दुई चरणमा गरिनुपर्ने परीक्षण भएकोले अभिभावकले बच्चालाई दोश्रो चरणको परीक्षण गर्न नचाहने वा नसकने अवस्था ।
५) रामे रेकड किपिङ तथा भविश्यमा आवश्यकता आंकडा उपलब्ध गराउन सक्नु पर्ने ।

अन्तमा नवजात शिशुको श्रवण परीक्षण एक प्रकारको स्क्रिनिङ कार्यक्रम मात्र हो र यसबाट सुनाई कमी वा विल्कुलै नसुन्ने यकिन गर्न समयमा नै डायगोनोस्टिक श्रवण परीक्षण गर्नुपर्ने शिशुको पहिचान गर्दछ । यस किसिमको स्क्रिनिङ कार्यक्रम सरकारको नियमित कार्यक्रममा समाबेश गरेर नेपाल भर लागू गर्नुपर्छ । यस कार्यक्रमबाट सुनाईको कमि भएका वा विल्कुलै सुन्न नसक्ने शिशुको पहिचान भएपछि ती बाल बालिकाहरुको आवश्यक उपचार गर्नमा पनि नेपाल सरकारबाट नीति तथा योजना बनाउन जरुरी छ ।

*साभार: स्वास्थ्यखबरपत्रिका*

# अस्पतालको निर्देशकमा स्वास्थ्यमन्त्रीको मनोमानी




काठमाडौं/स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले हटाएका डा. सन्तोष पौडेल मंगलबार वीर अस्पतालमा फर्किए । मन्त्री बस्नेतले १४ साउनमा डा. पौडेललाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) का कार्यकारी निर्देशकबाट हटाएर मन्त्रालयमा तान्ने निर्णय गरेका थिए ।

उनी अदालत गए, मन्त्रालयले थप दुई निर्णय गर्‍यो । सुरुमा सामाजिक सञ्जालमा लेखेको विषयमा स्पष्टीकरण सोध्यो । पौडेलले स्पष्टीकरण बुझाइनसक्दै शुक्रबार कान्ति बाल अस्पतालमा सरुवा गर्ने निर्णय भएको छ । तर मंगलबार सर्वोच्च अदालतले कार्यकारी निर्देशकबाट हटाउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएपछि डा. पौडेल वीरमा फर्किएका छन् ।

२० वैशाखमा स्वास्थ्य मन्त्री बनेका बस्नेतले भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. विष्णुदत्त पौडेललाई पनि मन्त्रालय तानेका थिए । तत्कालीन केपी शर्मा ओलीको सरकारले १८ मंसिर २०७७ मा क्याबिनेट निर्णय गरी पौडेललाई चार वर्षका लागि निर्देशकमा नियुक्त गरेको थियो । तर मन्त्री बस्नेतले १९ असारमा उनलाई हटाएर डाक्टर उज्ज्वल चालिसेलाई निमित्त बनाए । निर्णयविरुद्ध सर्वोच्च अदालत पुगेका पौडेलले अन्तरिम आदेश ल्याए, राजीनामा दिए ।

वीरको कार्यकारी निर्देशकबाट हटाइएका डा. सन्तोष पौडेललाई एमाले नेता पदम गिरी स्वास्थ्यमन्त्री भएको बेला ५ फागुन २०७९ मा मन्त्रीस्तरीय निर्णयबाट २ वर्षका लागि नियुक्ति दिएका थिए ।

पौडेलको नियुक्तिसँगै डा. भुपेन्द्र बस्नेतको निमित्त प्रशासकीय अधिकृत पद स्वत: निष्क्रिय भयो । बस्नेतलाई शेरबहादुर देउवा सरकारले साउन २०७८ मा कोभिड युनिफाइड केन्द्रीय अस्पताल (वीर)को निमित्त प्रशासकीय अधिकृत बनाएको थियो ।

निमित्त प्रशासकीय अधिकृत पद गुमाएका डा. बस्नेत असारमा न्याम्सकै उपकुलपति भए । स्वास्थ्यमन्त्री बस्नेतको जोडबलमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको उपकुलपति नियुक्त गरेका थिए ।

मन्त्री बस्नेतले स्वास्थ्य विमा बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलालाई ३ महिना निलम्बन गरे भने नरदेवी आयुर्वेद औषधालयका निर्देशक डा. प्रदीप केसीलाई दरबन्दीभन्दा बाहिर खटाएर अर्को निर्देशक तोकेका छन् ।

**बिग्रिएको छ थिति**

पछिल्ला वर्षमा स्वास्थ्य मन्त्री परिवर्तन भएसँगै अस्पताल प्रमुखको जिम्मेवारी हेरफेर गर्ने परिपाट्टी नै बसिसकेको छ । अपवाद बाहेक सबैजसो स्वास्थ्यमन्त्रीको पदभारग्रहणकै दिन सरुवा-बढुवामा चासो नदिने आशय पोखिहाल्छन्, तर महिना दिन नबित्दै अस्पतालका निर्देशकको दिनगन्ती सुरू भइसक्छ ।

स्वास्थ्यमन्त्रीको आँखा कान्ति बाल अस्पताल, परोपकार प्रसुती तथा स्त्री रोग अस्पताल, ट्रमा सेन्टर, भरतपुर अस्पतालमा पर्छ । किनकी यो कुनै पनि अस्पतालमा नेतृत्वको जिम्मेवारी समयवधि तोकेर दिने कुनै त्यस्तो प्रावधान छैन ।

पछिल्ला १० वर्षमा कान्ति बाल अस्पताल, महाराजगञ्जमा ९ जना चिकित्सकले नेतृत्व लिएका छन् । अपवाद बाहेक कुनै चिकित्सक वर्ष दिनपनि टिक्न पाएका छैनन् । परोपकार प्रसुती तथा स्त्री रोग अस्पताल, थापाथलीको हालत पनि उस्तै छ । एक दशकमा ८ जना निर्देशक परिवर्तन भएका छन् ।

वीरमा पनि २०७७ मा नयाँ संगठन संरचना स्वीकृत भएपछि तीन वर्षमा पाँच जनाले नेतृत्व गरिसके । मन्त्रालयले पुस २०७७ मा प्रमुख विशेषज्ञ डा. गुणराज लोहनीलाई प्रमुख प्रशासकीय अधिकारी बनाएर पठाएको थियो । तर कर्मचारी आन्दोलनका कारण डा. लोहनीले हाजिर नभई स्वास्थ्य मन्त्रालयमै फर्किए । कोभिड-१९ संकट व्यावस्थापन अध्यादेश २०७८ पारित भएसँगै ११ जेठमा कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पतालको नेतृत्वमा डा. जागेश्वर गौतम गए ।

प्रधामन्त्री शेरबहादुर देउवाको सरकार बन्नसाथ साउन मा गौतमलाई हटाएर १०औं तहका भुपेन्द्र बस्नेत कोभिड युनिफाइड अस्पतालको निर्देशक बनाइयो । प्रचण्ड सरकार बनेपछि स्वास्थ्यमन्त्री पदम गिरीले डा. सन्तोष पौडेललाई कार्यकारी निर्देशक बनाए ।

भरतपुर अस्पताल, चितवन्ले त रेकर्ड नै राखेको छ । अस्पतालमा पछिल्लो १० वर्षमा मात्रै १७ जना मेसु भए । अधिंकाश मेसुले ६ महिना पनि काम गर्न पाएका छैनन् ।

कम्तिमा २ वर्षे कार्यकाल पुरा गर्न दिने हो भने नेतृत्व गर्नेहरुको योजना अनुसारका सुधार देखन सकिन्छ । तर छिटोछिटो जिम्मेवारी हेरफेर गर्दा नियमित अस्पताल सञ्चालन बाहेकका उल्लेख्य काम गर्न पाउँदैनन् । किनकी अस्पतालको अवस्था र समस्या बुझ्नै दुई-तीन महिना लाग्छ । थप दुई-तीन महिना योजना लिएर अगाडी बढ्दै जाँदा जिम्मेवारीको हेरफेर भइहाल्छ ।

दुईपटक छोटो अवधि कान्ति अस्पतालको नेतृत्व सम्हालेका पूर्वनिर्देशक डा. अजित रायमाझी भन्छन्, 'यसले सरकारी स्वास्थ्य संस्था दिनप्रतिदिन कमजोर बन्दै गएको छ ।'

**किन नेतृत्व परिवर्तन गर्छन् मन्त्रीहरु ?**

स्वास्थ्य मन्त्रालयका पूर्व अधिकारीहरु र अस्पतालको नेतृत्व गरेकाहरुको अनुभवमा अस्पतालको नेतृत्व हठाथ परिवर्तन गर्नुमा स्वास्थ्यमन्त्रीका केही स्वार्थ जोडिएका हुन्छन् ।

डा. गणेश राईले (२०७४-०७६) दुई वर्षसम्म कान्तिबाल अस्पतालको नेतृत्व गर्दा तीन जना स्वास्थ्यमन्त्रीसँग काम गर्ने अवसर पाए । त्यसबेला सबभन्दा बढी झेल्नुपरेको दबाब 'मन्त्रीका आफन्तदेखि कार्यकर्ता' नियुक्ति थियो ।

सरकारी अस्पतालमा विकास समितिमा अन्तर्गत सेवालाई प्रभावकारी बनाउन करारमा कर्मचारी राखनुपर्ने हुन्छ । तर त्यसमा दुरुपयोग गर्दै मन्त्रीले आफ्ना मानिस भर्ति गर्न दबाव दिने गरेका छन् । डा. राई भन्छन्, 'मन्त्रीका सचिवालयबाट आफ्ना मान्छे करारमा नियुक्त गर्न दबाब दिन्थे । तीनै जना मन्त्रीका सचिवालयका मानिससँग राम्रो सम्बन्ध रहेन ।'

स्वास्थ्यमन्त्री बस्नेत र वीर अस्पतालको निर्देशकबाट हटाइएका पौडेलको विवाद पनि कर्मचारीसँग जोडिएको छ । कोभिड कालमा वीर अस्पतालको सर्जिकल भवन सञ्चालनका लागि ८३१ पुल दरबन्दी सृजना गरिएको थियो । लोकसेवा आयोगले नयाँ भर्ना नलिएसम्मका लागि मन्त्रालयको स्वीकृतमा करारमा कर्मचारी राखियो ।

मन्त्री बस्नेतले १६ असोजमा बसेको न्याम्सको कार्यकारी परिषद्को बैठकमा २७६ कर्मचारीको करार अवधि थप नगर्ने प्रस्ताव राखे । कार्यकारी निर्देशक पौडेल कोरोनाकालमा काम गरेका कर्मचारी निकाल्ने प्रस्तावमा साथ दिएनन् । अस्पतालको सेवा विस्तार गरिएकाले लोकसेवाले नयाँ भर्ना नगर्दासम्म उनीहरुलाई निरन्तरता दिनुपर्ने उनको जोड रफयो ।

मन्त्रीले तलब नै नदिने बताएपछि २७६ कर्मचारी बिदा भए । उनीहरुलाई हटाएलगतै मन्त्री बस्नेतले न्याम्समा करार दरबन्दी सृजना गरेर कर्मचारी राख्न खोजे । 'वीरको आवश्यकताभन्दा पनि उहाँले आफ्ना कति मान्छेलाई जागिर खुवाउनुपर्ने छ, त्यसअनुसार दरबन्दी सृजना गर्ने प्रयास गर्नुभयो' पौडेलले भने ।

अन्य अस्पताल निर्देशकको अनुभवमा पनि अधिकांश स्वाथ्य मन्त्रीको रुचि नियुक्तिमा हुने गरेको छ । कतिपय अवस्थामा जुनयिर चिकित्सकले अवसरका लागि नाममा मन्त्रीसँग सम्झौता गर्दा उनीहरुका लागि अनुकुल अजस्था बन्छ । त्यसपछि आईसीयू बेड मिलाईदिने, क्याबिन नि:शुल्क उपलब्ध गराउनेदेखि अप्रेशन छिट्टै गरिदिनुपर्ने जस्ता हुन्छन् ।

उनीहरुको अनुभवमा अस्पताल प्रमुख हेरफेर स्वास्थ्य उपकरण खरिदसँग पनि जोडिएको हुन्छ । 'उनीहरुको स्वार्थ अनुसार काम नगर्दा जिम्मेवारी खोसिने डर जहिल्यै पनि रहन्छ' ट्रमा सेन्टरका पूर्व मेसु भन्छन्, 'जबसम्म स्वास्थ्यमन्त्री र सचिवको स्वार्थ अनुसार काम गर्न सकिन्छ, तबसम्म मात्रै हाम्रो जागिर जोगिन्छ ।' परोपकार प्रसुती तथा स्त्री रोग अस्पतालका पूर्वनिर्देशक डा. अमिरबाबु श्रेष्ठ राजनीतिक आस्था नबोकेका चिकित्सकलाई काम गर्न पनि कठिन हुने बताउँछन् ।

कुनै टेन्डर निकाल्दा होस् कि कर्मचारी नियुक्तका लागि विज्ञापन निकाल्दा मन्त्रीको सचिवालयले जानकारी बिना किन गरेको भन्दै प्रश्न गरेको डा. श्रेष्ठको अनुभव छ । 'आफ्नो अधिकारभित्रका काम त गर्न पाउनुपर्ने हो, तर प्रत्यक्ष रुपमा मन्त्री र सचिवालयको हस्तक्षेप रहन्छ' उनी भन्छन्, 'मन्त्रीको चाहनाअनुसार काम नगर्दा कतिबेला निस्किनुपर्छ भन्ने हुन्छ ।'

स्वास्थ्यमन्त्रीले नेपाल स्वास्थ्य सेवा ऐन २०५३ अनुसारको दरबन्दी संरचना र स्वास्थ्य सेवा प्रवाहको सिद्धान्तविपरीत सरुवा गर्दै आएका छन् । नेतृत्व परिवर्तन गर्दा वरिष्ठता, पद र समूहलाई ख्याल नगरी मनोमानी गर्ने गरेका छन् ।

मन्त्रीले ऐन, नियम विपरित काम लाग्दा स्वास्थ्य सचिवले प्रतिवाद गर्नुपर्ने हो । तर उनीहरु समेत मुददर्शक भएर बस्नु लाजमर्दो भएको बताउँछन् स्वास्थ्य मन्त्रालयका पूर्वप्रमुख विशेषज्ञ डा. सुशीलनाथ प्याकुरेल । 'पद तथा समूह मिलेका मानिसहरु फाजिलमा बसिरहेका छन् । आफ्नो पार्टीका मानिसलाई घुसाउने वा आर्थिक लाभको नाममा ऐन, नियम विपरीत काम भइरहेको हुन्छ' डा. प्याकुरेलले भने, 'मन्त्रीले आफूखुसी निर्णय गर्दा सचिवहरु मुकदर्शक भएर बस्नु लाजमर्दा हो ।' त्यसैले स्वास्थ्य सेवा ऐनमै कार्यकाल तोक्ने र प्रतिस्पर्धा मार्फत क्षमता भएका मानिसहरुलाई नियुक्ति नदिँदासम्म स्वास्थ्य क्षेत्रमा सुधार नहुने उनी बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'मेयर'मा भरत थापाको भूमिकामा देखिँदै खगेन्द्र





साझाकुरा संवाददाता

काठमाडौं/सर्लाहीस्थित बागमती नगरपालिकाका मेयर तथा माओवादी नेता भरत कुमार थापाको जीवनबाट प्रभावित भएर बन्न लागेको फिल्म 'मेयर'मा अभिनेता खगेन्द्र लामिछाने मुख्य भूमिकामा अनुबन्धित भएका छन् । अब फिल्ममा उनले मेयर थापाको भूमिका निर्वाह गर्नेछन् । निर्देशक दीपेन्द्र के. खनालले बुधबार दिउँसो फेसबुकमार्फत् फिल्ममा खगेन्द्रको प्रवेश भएको जानकारी गराएका हुन् ।

दीपेन्द्र र खगेन्द्रबीच चौँथोपटक सहकार्य हुन लागेको हो । यसअघि 'पशुपति प्रसाद', 'धनपति' र 'पशुपति प्रसाद २'मा उनीहरुबीच टिमअप भएको थियो । आगामी माघबाट छायांकन सुरु हुन लागेको फिल्म मेयर थापाको पूरापूर बायोपिक भने नहुने बताइएको छ । बागमती क्षेत्रमै छायांकन गरिने फिल्मलाई सागर मैनाली र अर्विसा थापाले निर्माण गर्नेछन् । अर्विसा मेयर थापाकी छोरी हुन् ।

विवादित छविका मेयर थापाले बागमतीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न करिब १२१ बिघा क्षेत्रफल जग्गामा ५८ करोड खर्च गरेर देशकै सबैभन्दा ठूलो मानव निर्मित ताल (भरतताल) बनाएका छन्, जुन अहिले मधेश प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बनेको छ । उनको राजनीतिक उतार-चढाव, उनीमाथि लागेका आरोप र मेयर भएपछि गरेका कामलाई फिल्ममा प्रस्तुत गरिनेछ ।

# राजेश हमाललाई फिल्मभन्दा नाटकमा सन्तुष्टि, ल्याउँदैछन् बायोग्राफी

काठमाडौं/नेपाली फिल्ममा गर्विलो नाम बनाएका राजेश हमालले तीन दशक लामो करिअरमा २ सय बढी फिल्म र दुईवटा नाटकमा अभिनय गरेका छन् । तर, उनलाई सन्तुष्टि भने फिल्मभन्दा बढी नाटकले दिएको छ । उनले करिअरको सुरुवातताका विश्वप्रख्यात कवि विलियम शेक्सपियरको एक नाटकमा अभिनय गरेका थिए भने करिब १० वर्षअघि 'कोर्ट मार्सल' भन्ने नाटकमा काम गरेका थिए ।

नाटकमा अभिनयबारे उनले यसै साता एक अन्तर्वार्तामा भनेका छन्, 'मलाई 'कोर्ट मार्सल' गर्दाखेरि फिल्म गर्दाभन्दा बढी सन्तुष्टि महसुस भएको थियो । मैले जीवनमा दुईवटा नाटक गरेको छु । मेरो पहिलो 'स्टेज परफर्मेन्स' चाहिँ शेक्सपियरको अंग्रेजी नाटक थियो । पहिलो फिल्म 'युगदेखि युगसम्म' गरेको करिब एक वर्षपछि त्यो नाटक गरेको थिएँ । त्यसमा पनि सन्तुष्टि मिलेको थियो ।'

फिल्ममा भने 'बसन्ती'बाट सन्तुष्टि मिलेको हमाल बताउँछन् । तर, उक्त फिल्मबाट निर्माता घाटामा जाँदा उनलाई नमीठो महसुस भएको रहेछ । विगत ६/७ वर्षयता भने उनी फिल्म अभिनयबाट टाढा देखिएका छन् । अब उनी संख्या थप्नका लागि मात्र फिल्म गर्ने सोचमा छैनन् । बरु फिल्मै नगर्ने पक्षमा छन् । अब फिल्म गर्दा भूमिका र प्रस्तुति दुवै सशक्त हुनुपर्छ भन्नेमा उनी सचेत छन् ।

उनी भन्छन्, 'म अहिले कुन विन्दूमा उभिएको छु भने अब फिल्म गर्नका लागि मात्रै गर्दिनँ । बरु फिल्म नखेल्ने पक्षमा छु । फिल्म गरेँ भने उत्कृष्ट होस् भन्नेमा छु । किनकि, एउटा विश्रामपछि आउँदाखेरि भूमिका र फिल्मको प्रस्तुति राम्रो हुनुपर्छ भन्नेमा सचेत छु । एकहिसाबले म फिल्म छनोटमा चुजी भएको छु ।' हमालले आफ्नो चाँडै बायोग्राफी पुस्तक आउन लागेको समेत बताएका छन् ।

*(फिल्मीखबर)*

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरु:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

# हात्ती महोत्सवमा हात्तीको क्याराभान देखाइने

चितवन/चितवनका प्रमुख पर्यटकीय गन्तव्य सौराहामा हुने चितवन हात्ती तथा पर्यटन महोत्सवमा हात्तीको क्याराभान देखाइने भएको छ । सौराहामा नीजि रुपमा पालिएका ६० हात्ती र सरकारी हात्ती (निकुञ्जका हात्ती) हरुको क्याराभान (एकै लाइनमा मिलाएर हिडाउने) देखाइने भएको हो ।

यहीँ पुस १० गतेदेखि १४ गतेसम्म सौराहामा हुने महोत्सवमा हात्तीसँग सम्बन्धित विभिन्न गतिविधि र क्रियाकलाप गरिने आयोजना क्षेत्रिय होटल संघ सौराहाले जनाएको छ । कोरोना भाइरसको महामारी पछि पहिलो पटक गर्न लागिएको यसपटकको महोत्सवमा हात्तीका लागि अनुकुल हुने गतिविधी मात्रै गरिने महोत्सवका संयोजक ओमप्रकाश पाण्डेले जानकारी दिए ।

उनका अनुसार हात्तीको श्रृङ्गार, हात्ती वनभोज जस्ता कार्यक्रम हुनेछन् भने, हात्ती दौड, हात्तीको फुटवल र हात्ती पोलो जस्ता कार्यक्रम नहुने भएका छन् । हात्ती वनभोज कार्यक्रममा १ सय हात्ती सहभागी वन्ने छन् ।

सुरु सुरुमा हात्ती दौडका रुपमा कार्यक्रम गर्ने गरिए पनि पछि केही संरक्षणकर्मीहरुले विरोध गरेपछि आयोजकले महोत्सवको स्वरुप बदलेका हुन् । मुख्य रुपमा हात्ति सफारी र हात्तिका गतिविधी हेर्ने उद्धेश्यले नै मानिसहरु तेस्रो पर्यटकीय नगरी सौराहामा आउने गर्दछन् ।

क्रिसमस तथा अंग्रेजी नयाँ वर्षको अवसर पारेर आयोजना गर्न लागिएको महोत्सवमा २० हजार भन्दा बढि पर्यटकहरु आउने अपेक्षा गरिएको छ । सौराहामा ११२ भन्दा बढि होटल तथा रिसोर्ट र ८० भन्दा बढि रेष्टुरेन्टहरु छन् ।

एक रातमा ६ हजार ५ सय पर्यटकहरू राख्न सक्ने क्षमता सौराहाको छ । क्षेत्रिय होटल संघ चितवन सौराहाका अध्यक्ष गंगा गिरीले कोरोना भाइरसको महामारी पछि पहिलोपटक गर्न लागिएको महोत्सवले सौराहाको पर्यटनलाई रिब्राण्डिङ्ग गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

हात्तीसँग जोडिएको सौराहाको पर्यटन व्यवसायलाई महोत्सवले थप टेवा दिने उनले बताए । महोत्सवमा विविध सांस्कृतिक कार्यक्रमसहित आदिवासी जातजातिका विभिन्न कला संस्कृति पनि देखाउने कार्यक्रम रहेको छ ।

संघका सचिव महेश खनालले हात्ती पोलोले जस्तै हात्ती महोत्सवले पनि अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको पहिचान स्थापित गर्ने बताए । हात्तीका विषयलाई अनावश्यक रुपमा उछालेर भ्रम फैलाउने काम जायज नभएको उनको भनाइ छ ।

सचिव खनालले हात्तीको छावाहरुले विस्तारै विस्तारै फुटवल खुट्टाले हानेको दृश्य निकै रोचक हुने भन्दैं त्यसलाई विरोधको विषय बनाउनुपर्ने कुनै जरुरी नभएको तर्क गरे । चितवनमा हुन लागेको हात्ती महोत्सवको १७ औं संस्करण हो ।

सधैं बाघमारा वनको चौरमा हुँदै आएको महोत्सव यस पटक रत्ननगरपालिका-७ चित्रसारीनजिकैको चौरमा गर्न लागिएको छ । महोत्सवको मुख्य सहआयोजकमा युनाइटेड हात्ती सञ्चालक सहकारी संस्था लिमिटेड र रेस्टुरेन्ट एन्ड बार एसोसियसन (रेबान) नेपाल चितवन शाखा रहेका छन् ।

**सौराहामा कसरी सुरू भयो हात्ती दौड प्रतियोगिता ?**

२०६० साल ताका कोरीयामा बसेका एक नेपाली सौराहा आए । उनले सौराहाको पर्यटन व्यवसाय बढाउन महोत्सव गर्ने भनेर सुझाए । उनले हात्तीसँग सम्वन्धित रहेर महोत्सव गर्न सके पृथक देखिने र मानिसहरु हेर्नका लागि सौराहा आउने सझ्ुाव दिए ।

पहिलो बर्ष २०६० सालमा उनकै योजनामा हात्तीको लावालस्कर बनाएर सँगसँगै हिडाएर राप्ती नदी तारेर पहिलो वर्ष अन्तर्राष्ट्रिय हात्ती दौड प्रतियोगिता आयोजना गरियो । त्यतिबेला सौराहामा जम्मा १६ वटा नीजि हात्ती थिए । केही हात्ती निकुञ्जसँग माग गरियो । निकुञ्जले पनि सहयोग गर्‍यो । निकुञ्जका र नीजि हात्ती गरी ३० वटा हात्ती दौडका लागि प्रयोग भए ।

अर्को वर्ष हात्ती दौडका लागि भनेर हात्तीहरुलाई दौडाउन डोरी टाँगेर बनाइयो । तर, हात्तीहरु ट्र्याक वसेर दौडिन इन्कार गरे । सिधा दौडन सकेनन् । एकै ठाँउमा थुप्रिए । अर्को बर्षको हात्ती दौड अगाडि सँगसँगै दौडाउनका लागि दौड अघि नै अभ्यास गराइयो । त्यो वर्ष भने व्यवसायीहरुले भनेजस्तैं गरि हात्तीहरु सँगसँगै दौडिए । हात्ती दौडलाई पहिले राष्ट्रिय र पछि अन्तर्राष्ट्रिय हात्ती दौडको नामाकरण गरियो ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा सिमेन्टको अवस्थाबारे प्रतिवेदन बुझाउन सरकारलाई निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ प्रतिनिधिसभाको उद्योग समितिले सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग पूर्णरुपमा सञ्चालन गर्न परेका समस्या र चुनौतीका विषयमा अध्ययन गरी प्रतिवेदन बुझाउन सरकारलाई निर्देशन दिएको छ ।

बुधवार प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सरकारलाई हेटौंडासँगै उदयपुर सिमेन्ट उद्योगको पनि प्रतिवेदन बुझाउन निर्देशन दिएको हो । समितिले हेटौंडा र उदयपुर सिमेन्टको आर्थिक, भौतिक र वर्तमान अवस्था बारेमा अध्ययन गरी उद्योग पूर्णक्षमतामा चलाउन सक्ने/नसक्ने अवस्थाबारेमा विज्ञ सहितको टोलीले अध्ययन गरी प्रतिवेदन समितिलाई बुझाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको हो ।




बैठकमा बोल्दै समिति सभापति अब्दुल खानले हेटौंडा र उदयपुर सिमेन्ट उद्योगको वर्तमान अवस्थाको अध्ययन गरी समितिलाई बुझाउन निर्देशन दिए । उनले दुई सिमेन्ट उद्योग पूर्णक्षमतामा चलाउन कुन मोडल आवश्यक छ ? समेत खुलाएर प्रतिवेदन बुझाउन निर्देशन दिएका थिए । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग निरन्तर घाटामा छ । पटक-पटक उत्पादन बन्द गर्ने, आंशिक मात्रामा मात्रै उत्पादन गर्ने गरिएको उद्योग पछिल्लोपटक कोइला अभाव देखाएर बन्द हुँदै आएको छ ।

२०४२ सालदेखि व्यावसायिक उत्पादन सुरु गरेको उद्योगले निजी क्षेत्रमा स्थापित उद्योगसँग प्रतिष्पर्धा गर्न नसकेकै कारण घाटामा गएको हो । हेटौंडा सिमेन्ट उद्योगले भने आर्थिक कारण नै समस्या झेल्दै आएको छ । उद्योगले आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म करिब ९० करोड रुपैयाँ घाटा बेहोरेको पाइएको छ ।

दैनिक ७ सय ५० मेट्रिकटन सिमेन्ट उत्पादन क्षमता रहेको उद्योगले केही समयअघिदेखि क्षमताभन्दा आधामात्रै उत्पादन गर्दै आएको छ । उद्योग टाट पल्टने स्थिति आएपछि जीर्ण उपकरण विस्थापन गरी नयाँ उपकरण जडान गर्न उद्योगले सरकारसंग एक अर्ब ६० करोड माग गरेको छ । उद्योग राम्रोसँग सञ्चालनमा ल्याउन नयाँ मेसिनहरुको जडान आवश्यक रहेकाले रकमको माग गरेको महाप्रबन्धक बसन्तराज पाण्डेले बताए । तर, संघीय सरकारले र कम निकाशा दिइसकेको छैन ।

**निरन्तर घाटामा उद्योग**

आर्थिक वर्ष २०६६/६७ देखि २०६७/६८ दुई वर्ष नाफामा रहेको उद्योग आर्थिक वर्ष २०६८/६९ देखि २०७०/७१ सम्म तीन वर्ष पुन: घाटामा गएको थियो ।

उद्योगले आर्थिक वर्ष २०७१/७२ देखि आ.व २०७४/७५ को ४ वर्ष नाफामा रहेको थियो तर, त्यसयता निरन्तर घाटामा उद्योग सञ्चालन हुँदै आएको छ । अहिले घाटा बजेट ९० करोड पुगेको महाप्रबन्धक पाण्डेले बताए । आर्थिक वर्ष २०६६/६७ मा ८४ हजार ९ सय ६ मेट्रिक टन सिमेन्ट उत्पादन गर्ने गरेको थियो । यो आर्थिक वर्षमा ११ करोड ७० लाख १६ हजार ८ सय ८६ रुपैयाँ नाफा गरेको उद्योगको तथ्यांक देखाउँछ ।

आर्थिक वर्ष २०७१/७२ मा ५ करोड ३२ लाख ४६ हजार ९ सय ८० रुपैयाँ, २०७२/७३ मा चार करोड ६५ लाख ५० हजार ३ सय २० रुपैयाँ, २०७३/७४ मा १५ करोड ४८ लाख ७७ हजार ५ सय ६२ रुपैयाँ र आर्थिक वर्ष २०७४/७५ मा करिब १६ करोड ३६ लाख ३ हजार ४ सय ९९ रुपैयाँ नाफा गरेको उद्योगको तथ्यांक छ । आर्थिक वर्ष २०७७/७८ मा १७ करोड ४ लाख ४० हजार ६ सय ६९ रुपैयाँ, आव २०७८/०७९ मा १० करोड ६९ लाख २४ हजार नौसय ९३ रुपैयाँ घाटामा गएको उद्योग आर्थिक वर्ष २०७९/८० मा १० करोड घाटामा गएको देखिन्छ । २०७५/७६ देखि हालसम्म लगातार उद्योग घाटामा सञ्चालन भएको हो ।

# सवारी दुर्घटनामा हेटौंडाका थापासहित ३ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको सीमानानजिक बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२२, स्थित ३ नम्बरपुलमा सवारी दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ ।

बस र ट्रक एकआपसमा ठोक्किँएर दुर्घटना हुँदा तीन जनाको मृत्यु र २७ जना घाइते भएका थिए । ट्रक चालक तनहुँ, पिपलटार बस्ने २८ बर्षीय पूर्ण गुरुङ, बस चालक हेटौंडा उपमहानगरपालिका-३ बस्ने ४० बर्षीय हरिशम्सेर सुयाल थापा र नाम, थर वतन नखुलेको अन्दाजी ३५ बर्षीय पुरुषको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । प्रहरीका अनुसार उनीहरुको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको हो ।

काँकडभित्ताबाट काठमाडौं तर्फ जाँदै गरेको बा ३-००१ख २५८७ नम्बरको बस र हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको ना ७ ख ७३०० नम्बरको ट्रक एकआपसमा ठोक्किएर दुर्घटना भएको हो । गम्भीर घाइते भएका बन्दिपुर गाउँपालिका-६ बस्ने १७ बर्षीय तेजकुमार गुरुङ, ईटहरी उपमहानगरपालिका-४ बस्ने ४० बर्षीय सुरेन्द्र गौतम, उनको श्रीमती ३५ बर्षीया सम्झना गजुरेल, उनकै छोरी १२ बर्षीया सोराय गौतम, छोरा ३ बर्षीय सोडनेम गौतमको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ ।

प्रहरीका अनुसार हेटौंडामा उपचार सम्भव नभएपछि सुन्सरी भाति गाउँपालिका-२ बस्ने ३० बर्षीय खिलराज दुलाल र बसको सहचालक झापा दमक बस्ने ३५ बर्षीय कोनगेन्द्र उप्रेतीलाई थप उपचारका लागि पुरानो मेडिकल कलेज चितवन रिफर गरिएको छ । दुर्घटना परी घाइते भएकाहरुमध्ये २० जनाको कार्की मेडिक्ल अमलेखगञ्जमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# आजबाट खेलकुद तथा व्यापार महोत्सव



साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/ हेटौंडामा आज बिहीबारबाट वृहत् खेलकुद तथा व्यापार महोत्सव हुने भएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति नेपाल संस्था काठमाडौंको संयुक्त आयोजनामा हेटौंडा-१० स्थित टीसीएन चौरमा आजदेखि १७ पुससम्म महोत्सव हुँदैछ ।

महोत्सवको तयारी पूरा भएको आयोजक खेलकुद विकास समितिका अध्यक्ष वेष खड्गीले बुधवार पत्रकार सम्मेलन गरी जानकारी दिए । अध्यक्ष खड्कीका अनुसार महोत्सवको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गर्नेछन् । मेला अवधिभर किनमेल, सांगीतिक प्रस्तुती, नृत्यसहित दैनिकरुपमा खेलकुद प्रतियोगिता समेत आयोजना गर्ने बताउँदै खड्कीले महोत्सवभर १३ वटा विधामा राष्ट्रिय, प्रदेश र जिल्लास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिने बताए ।

महोत्सवमा राष्ट्रिय, प्रदेश तथा स्थानीय गरी १३ वटा विभिन्न विधामा खेलकुद प्रतियोगिता हुनेछ । महिलाको राष्ट्रिय उसु प्रतियोगिता, महिलाकै राष्ट्रिय भलिबल, कबड्डीतर्फ महिला पुरुष दुवै विधाको प्रदेशस्तरीय प्रतियोगिता, कराँतेको जिल्लास्तरीय प्रतियोगिता, फुलकन्ट्याक्ट कराँतेको जिल्लास्तरीय, आर्चरीको खेल प्रदर्शन, रेस्लिङको आमन्त्रित र कुस्तीको अन्तर्राष्ट्रिय प्रदर्शन गर्ने आयोजकको तयारी छ । ब्याड्मिन्टनको खुला प्रतियोगिता, आइटीएफ तेक्वान्दो र हक्कीको प्रदेशस्तरीय प्रतियोगिता र महिलाको लागि ७ 'ए' साइड फुटबल प्रतियोगिता हुनेछ ।

सबै प्रतियोगिताको विजेता उपविजेताले नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । खेलकुद महोत्सवबाट कम्तिमा २५ लाख रुपैयाँ खेलकुद विकास समितिले बचत गर्ने लक्ष्य राखेको छ । महोत्सवबाट प्राप्त हुने रकम खेलकुद समितिमै राखेर खेल र खेलाडीको बृत्तिविकासमा लगाउने योजना रहेको छ ।

महोत्सवमा खेलकुदको स्पर्धासँगै कृषि, पर्यटन, हस्तकला, खेलकुद सामग्री, धार्मिक, सामुदायिक, स्वास्थ्य, जनचेतनामूलक, खाना खाजाका स्टल समेत रहनेछ । यस्तै बालउद्यान, राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती, खुला नृत्य प्रतियोगिता र लाइभ दोहोरी समेत आयोजना हुने आयोजकले जानकारी दिएको छ ।

# अनलाइनबाट खानेपानीको महशुल भुक्तानी सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ४ पुस/हेटौंडा खानेपानी बोर्डका ग्राहकले अनलाइनमार्फत महसुल भुक्तानी गर्न पाउने भएका छन् । बुधबार खानेपानी व्यवस्थापन बोर्ड र एनएमबी बैंकबीच अनलाइनमार्फत महसुल भुक्तानी गर्ने सहमती भएसँगै ग्राहकले पानीको महशुल अनलाइन मार्फत भुक्तानी सुविधा प्राप्त गरेका हुन् ।

अनलाइनमार्फत महसुल भुक्तानी गर्ने प्रणाली कार्यान्वयन गर्ने सहमतिपत्रमा बोर्ड अध्यक्ष प्रताप बिष्ट र बैंका प्रमुख कार्यकारी अधिकृत सुरेश उपाध्यायले हस्ताक्षर गरेका छन् । सहमतिसँगै बैंकको इएनएमबी एपको उद्घाटन गरी शुभारम्भ समेत गरिएको छ । एप मार्फत खानेपानी उपभोक्ताले पायक पर्ने स्थान तथा समयमा सहजै बिलको भुक्तानी गर्न सकिने भएको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले पानीको महसुल अनलाइन भुक्तानी गर्न मिल्ने भएपछि सहज हुने बताइन् । पानी अभावकै कारण कतिपय स्थानमा द्वन्द्व हुने गरेको बताउँदै उनले नेपालमा खानेपानी पर्याप्त स्रोत रहेकोले समस्या नरहेको बताइन् । उनले पानीको स्रोत व्यवस्थापन गरी शुद्ध पिउने पानी जनतालाई वितरण गर्नुपर्ने जानकारी दिइन् ।

बोर्डको ग्राहक २७ हजार रहेकोमा ३० प्रतिशतले अनलाइन मार्फत नै महशुल भुक्तानी गर्दै आएका छन् । ६ महिनाअघिसम्म खानेपानी बोर्डमा महशुल तिर्न दैनिक २ सयभन्दा बढी उपभोक्ता कार्यालय परिसरमै लाइन लाग्ने गरेकामा अहिले आधाभन्दा धेरै घटेको बताइएको छ ।

खानेपानी बोर्ड अध्यक्ष विष्टको अध्यक्षता तथा हेटौंडा उपमहानगरको मेयर लामाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा हेटौंडा-२ का वडाध्यक्ष बिष्णुगोपाल महर्जन र एनएमबी बैंक हेटौंडाका शाखा प्रमुख उज्वल रिजाल लगायतको उपस्थिति रहेको थियो ।

## हार्दिक कृतज्ञता एवम् धन्यवाद ज्ञापन

मकवानपुर जिल्लाको ऐतिहासिक तथा अग्रणी शैक्षिक संस्था मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडालाई बागमती प्रदेशको सार्वजनिक विश्वविद्यालय बनाउने सम्बन्धमा बागमती प्रदेश सरकार को मिति २०८०।०९।०३ को निर्णय प्रति कृतज्ञता प्रकाट गर्दै यस ऐतिहासिक कार्यलाई प्रक्रियागत रुपमा अगाडी बढाउन सकारात्मक भूमिका निभाउनु हुने बागमती प्रदेश सरकार, मुख्यमन्त्रीज्यू, सामाजिक विकास मन्त्रीज्यू प्रति विशेष आभार व्यक्त गर्दछु । सथै यस महान अभियानमा प्रत्यक्ष सहयोग पुऱ्याउनु हुने क्याम्पस सञ्चालक समिति, राजनीतिक दलहरु, स्थानीय सरकार, शिक्षाविद्, समाजसेवी, प्राध्यापक, कर्मचारी, स्ववियु तथा विद्यार्थी संगठनहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अनन्तप्रसाद पौडेल
अध्यक्ष, सञ्चालक समिति,
**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर

## सूचना ! सूचना ! सूचना !

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा र श्री नवजीवन ज्योती क्लव, हेटौंडा-६, मकवानपुरको संयुक्त आयोजनामा २० जना सहभागीको लागि ३ महिने (३९० कार्य घण्टा ) केश श्रृंगार तथा सौन्दर्य वेसिक नियमित सीपमुलक तालिम कार्यक्रम यहि २०८० पौष १८ गतेदेखि सञ्चालन हुन लागेको हुँदा इच्छुक तथा देहाय अनुसारको योग्यता पुगेका युवा युवतीहरुले यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र आवेदन दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**
- शैक्षिक योग्यता: ८ कक्षा उतिर्ण हुनु पर्ने छ ।
- उमेर:- १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- संलग्न हुन पर्ने कागजातहरु:-शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि ।
- प्रथम पटक सुचना प्रकाशन मिति :- २०८०/०९/०५ गते
- आवेदन पाइने/पेश गर्नु पर्ने स्थान: श्री नवजीवन ज्योती क्लव, हेटौंडा-६, मकवानपुर
- आवेदन पेश गर्ने अन्तिम मिति: २०८०/०९/१६ गते
- अन्तवार्ता मिति: मिति:- २०८०/०९/१७ गते,
- तालिम संचालन गर्ने स्थान: श्री नवजीवन ज्योती क्लव, हेटौंडा-६, मकवानपुर

सम्पर्क:- **श्री राज कुमार बास्तोला - ९८४५२९५२८५**
**श्री राज कुमार फुयाल - ९८६१४६०९२०**

## यात्रालाई सुरक्षित बनाऔं

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलों, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारी साधन चलाउन नदिऔं ।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न हेटौंडा आऔं

## बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

पौष ५ गते देखि पौष १७ गतेसम्म — हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

**मुख्य आकर्षणहरू :**
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना